# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल पुष २९ गते (संख्याः १६


## भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## शव वाहन सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०९/२८

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिका क्षेत्रभित्र विभिन्न कारणले मृत्यु भएका मानव शवलाई पोष्ट मार्टम गर्न अस्पतालसम्म लैजानका लागि मृतकका परिवारले भोगी रहेका समस्याहरुलाई सरल, सहज एवं सर्वसुलभ पहुँच पुऱ्याउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि शिवपुरी गाँउपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"शव वाहन सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"शव वाहन"** भन्नाले शव ओसार प्रसार गर्न गाँउपालिकाले स्विकृति प्राप्त गरेको सवारी साधन सम्झनुपर्छ ।

(ख) **"शव वाहन जनशक्ति"** भन्नाले शव वाहनमा उपस्थित रहेका चालक र परिचारिका समेतलाई सम्झनु पर्दछ।

(ग) **"चालक"** भन्नाले शव वाहन चलाउन जिम्मा लिएको गाँउपालिकाको चालक सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"सेवा शुल्क"** भन्नाले शव वाहन प्रयोग गरे बापत मृतकको परिवारले गाँउपालिकालाई बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) **"समिति"** भन्नाले नियम ३ बमोजिम गठित शव वाहन व्यवस्थापन तथा अनुगमन समित सम्झनु पर्दछ ।

(छ) **"कार्यालय प्रमुख"** भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) **"कार्यालय"** भन्नाले शिवपुरी गाँउपालिका सम्झनु पर्दछ ।

(ञ) **"सेवा"** भन्नाले शव वाहनले दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ।

## परिच्छेद-२
## शव वाहन सेवा व्यवस्थापन तथा अनुगमन

३. **शव वाहन सेवा व्यवस्थापन तथा अनुगमन समितिः**

(१) शव वाहन सेवा सञ्चालन व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको शव वाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (घ) आधारभुत अस्पताल प्रमुख | सदस्य |
| (ङ) गाँउपालिकाबाट सबैभन्दा नजिकको प्रहरी चौकी प्रमुख | सदस्य |
| (च) विपद व्यवस्थापन ईकाइ प्रमुख | सदस्य |
| (छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठक सामान्यतया महिनाको १ पटक बस्नेछ । अन्य कुनै जटिल कार्य आई परेमा सदस्य सचिव र सवारी चालकले समितिको बैठकमा जानकारी गराउनु पर्ने छ ।

(क) गणपुरक संख्या समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ख) समितिले आफ्नो बैठकमा अन्य व्यक्तिलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिको बैठक आवश्यकता अनुसार एक महिनामा एक पटक भन्दा बढी पनि बस्न सक्नेछ।

(घ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शव वाहन सेवा पारदर्शी, सरल, परपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने, कार्यविधि अनुसारको आचारसंहिता पालन नगरे चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) शव वाहन सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) शव वाहनको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने ।

(च) सरोकारवाला अन्य संघ संस्थाहरु विच आवश्यकता अनुसार समन्वय गर्ने । साथै शव वाहन सेवा बारे समिक्षा बैठक गर्ने ।

(छ) चालकले सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्ने।

## परिच्छेद-३

## सेवा शुल्क तथा सेवा सुविधा सम्बन्धी व्यवस्था

**५. सेवा शुल्क तथा सेवा सुविधा सम्बन्धी व्यवस्थाः**

(१) गाँउपालिका क्षेत्र भित्र शिवपुरीबासी मृत्यु भई पोष्ट मार्टमको लागि मात्र निःशुल्क काठमान्डौ वा नुवाकोटको प्रादेशिक अस्पताल (त्रिशुली अस्पताल) पुर्याइनेछ ।

(२) गाँउपालिका बाहेक अन्य क्षेत्रका व्यक्तिको मृत्यु भएमा निम्न बमोजिम सेवा शुल्क दुरीको हिसावले हुनेछ ।

| सडक | प्रति किलो मिटर दर | कैफियत |
|---|---|---|
| कच्ची सडक | रु ३०० | एक तर्फी |
| ग्रावेल सडक | रु २०० | एक तर्फी |
| पक्की सडक | रु १५० | एक तर्फी |

- दुरीको हकमा गन्तब्य स्थान नै मान्य हुनेछ ।
- बाटोमा लाग्ने विभिन्न किसिमका करहरु प्रयोगकर्ताले नै व्यहोर्नु पर्नेछ ।
- शव वाहनको लागि तोकिएको सेवा शुल्क माग फारम भरि शव लैजानु अगाबै कार्यालयमा बुझाउनु पर्नेछ ।
- दुरीको हकमा कार्यालयले कायम गरेको दुरीलाई आधिकारिक दुरी मानिनेछ ।

(३) शव वाहन सेवा प्रयोग गरेवापत उठेको रकम गाउँपालिकाको खातामा जम्मा गरिनेछ र शव वाहन मर्मत सम्भार, ईन्धन लगाएतका सञ्चालन खर्च सोही बजेट बाट व्यवस्था गरिनेछ।

(४) सेवा शुल्क बापत दिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख र नियन्त्रण खाता गाउँपालिकाको स्वास्थ्य शाखामा राखिने छ। त्यसको सम्पूर्ण जिम्मेवारी समितिको सदस्य सचिव वा निजले तोकेको स्वास्थ्य शाखाको कर्मचारीको हुनेछ ।

(५) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी समितिको सदस्य सचिवको हुनेछ ।

(६) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्य योजना अनुसार मात्र खर्च पाइने छ । कोषका रकम सामान्यतया चालकको भत्ता, इन्धन, शव वाहनको मर्मत सम्भार, शव वाहनमा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ । चालकको तलब र भत्ता गाँउपालिकाबाट व्यवस्था गरिनेछ ।

(७) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

## ६. चालकको नियुक्ती र सेवा सुविधाः

(१) शव वाहन सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालका सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकलाई प्रति ट्रिप रु. २,०००।– (दुई हजार मात्र) भत्ता सेवा सुविधा प्रदान गरिनेछ।

(३) चालकको रु. ५,००,०००।- (पाँच लाख मात्र।) सम्मको दुर्घटना बिमा गरिनेछ । विमाको प्रिमियम वापतको रकम गाँउपालिकाको विनियोजित बजेटबाट व्यहोरिने छ ।

## परिच्छेद-४
## विविध

**७. चालकले पालना गर्नुपर्ने आचार संहिता**: चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची-१ बमोजिम हुने छ ।

**८. संशोधनः** यो कार्यविधि संशोधन गर्नु परेमा कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्नेछ ।

**९. खारेजी र बचाऊः**

(१) शव वाहन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यस पूर्व भएका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाले जुनसुकै समयमा खारेज गर्न सक्नेछ ।

अनुसूची-१

(नियम ७ सँग सम्बन्धित)

**चालकले पालना गर्नु पर्ने आचार संहिता**

१. शव वाहन सञ्चालन कार्यविधि, २०८१ लाई पूर्णतः पालना गर्नुपर्ने छ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न पाइने छैन ।

३. मादक पदार्थ सेवन गरी शव वाहन चलाउन पाइने छैन ।

४. शवको ओसारपसार गर्ने क्रममा नीजको परिवार वा आफन्तलाई सम्मानपूर्वक व्यवहार गर्नु पर्ने छ।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने छ ।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता प्रयोग गरि सहयोग गर्नुपर्ने छ ।

७. कुनै पनि शवलाई ओसारपसार गर्नु अघि शवको बारेमा पर्याप्त जानकारी लिएर मात्र सहयोग गर्नुपर्ने छ ।

८. शवलाई बिच बाटोमा छाड्न पाइने छैन ।

९. बेवारिसे अवस्थाको शव व्यबस्थापन गर्दा समितिको निर्णय बमोजिम गर्नुपर्नेछ ।

१०. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नु पर्नेछ साथै परिवारबाट पाएको जानकारी पनि तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न आवश्यक परेमा त्यस्तो सूचना वारेमा जानकारी दिन कुनै बाधा पर्ने छैन ।

११. शव ढुवानी सेवामा प्रभाव पार्ने राम्रा पक्षहरूको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य शाखालाई जानकारी दिनु पर्नेछ ।

१२. प्रचलित कानूनले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार पसार नगर्ने साथै प्रचलित कानूनको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

१३. शव वाहनको नियमित मर्मत सम्भार सम्बन्धि कार्य गर्नु पर्नेछ।शव वाहन कुनै शव लिएर गए पछि तुरुन्तै कार्यालयमा फिर्ता ल्याई तयारी हालतमा राख्नु पर्नेछ ।

१४. शव वाहन शव लिएर अस्पताल गएको समय र मर्मत सम्भारको लागि ग्यारेजमा रहेको अवस्थामा बाहेक अन्य अवस्थामा अनिवार्य रुपमा गाउँपालिकाको प्राङ्गणामा राख्नु पर्नेछ ।

१५. चालक जुनसुकै बेला सेवा प्रवाहको लागि तयारी हालतमा कार्यालयमा रहनु पर्ने छ । यदि कुनै पनि काबु बाहिरको परिस्थितिले गर्दा सेवा प्रवाह गर्न नसक्ने भएमा अन्य वैकल्पिक व्यबस्था गरेर मात्र कार्यालयमा अनुपस्थिति रहने । आफ्नो निजी काम सकिन साथ कार्यालयमा अबिलम्ब उपस्थित हुनु पर्नेछ ।

१६. तोकिएका अन्य कार्यहरु गर्नु पर्नेछ ।

---

**आज्ञाले,**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**